FOR NEPALI BY NEPALI नेपालीका लागि नेपाली
Non-Resident Nepali Association (NRNA)
गैरआवासीय नेपाली संघ

Ref. GoN Registration No. : 01-2070/71

१२ नोभेम्बर २०१८

## प्रेस विज्ञप्ति

गैरआवासीय नेपाली संघका मध्यपूर्व संयोजक राजेन्द्र कुमार (आर. के.) शर्मालाई कतारको सुरक्षा निकायले गिरफ्तार गरेर पारिवारिक लगायत कसैको पनि पहुँच र प्रत्यक्ष सम्पर्क भन्दा बाहिरको भन्ने खबरले हाम्रो गम्भीर ध्यानाकर्षण गराएको छ । गत अक्टोवर १८ तारिखमा भएको उहाँको गिरफ्तारीको कारण के हो भन्ने विषय र अवस्थाका बारेमा अहिले सम्म आधिकारिक जानकारी प्राप्त भएको छैन । गिरफ्तार गरिएको तेस्रो दिन छोटो समय परिवारका सदस्यसँग कुरा गर्न दिए पनि कतारमा दशैं अगाडि आयोजना गरिएको एक साँस्कृतिक कार्यक्रमको प्रस्तुतिका विषयलाई लिएर गिरफ्तार भएको र उहाँ सुरक्षित रहेको बाहेक अन्य जानकारी पाउन नसकेको पारिवारिक स्रोतले जनाएको थियो ।

गत अक्टोवर ५ तारिकमा दोहामा लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालको कतार शाखाको आयोजनामा भएको एक साँस्कृतिक कार्यक्रममा रोजगारदाताले नेपाली कामदारलाई दिएको पीडाको विषय समेटिएको भन्ने खबर प्राप्त भएको छ । शर्मा त्यस कार्यक्रमको विशेष अतिथिका रुपमा उपस्थित हुनुहुन्थ्यो । उहाँबाहेक उक्त कार्यक्रमका आयोजक प्रतिष्ठानका उपाध्यक्ष शक्ति क्षेत्री र कलाकारहरु राम बाबु बोहरा, रित कुमार श्रेष्ठ र कृष्ण ढकाललाई पनि त्यहाँको सुरक्षा निकायले त्यस कार्यक्रम पछि नियन्त्रणमा लिएको बुझिएको छ । गत विहिबार संयोजक शर्माले करिब १५ मिनेट परिवारका सदस्यहरुसँग कुरा गर्नुभएको र नेपाली समुदायको नेतृत्वकर्ता भएर पनि त्यस किसिमको कार्यक्रम किन रोक्ने प्रयास नगरेको भन्ने विषयमा नै सोधखोज केन्द्रित रहेको जानकारी श्री शर्माले परिवारका सदस्यहरुलाई गराउनु भएको जानकारी प्राप्त भएको छ ।

उहाँको गिरफ्तारी पछि संघले कतार स्थित नेपाली दुतावास, परराष्ट्र मन्त्रालय लगायत सम्बन्धित निकायहरुमा उहाँको अवस्था एकिन गर्न र उहाँको रिहाइका लागि आवश्यक पहल गरिदिन अनुरोध गर्दै आएको छ । संघ यो प्रेस विज्ञप्ति मार्फत पनि संघका मध्यपूर्व संयोजक आरके शर्मा र हिरासतमा रहनुभएका अन्य नेपालीहरुको शिघ्र रिहाइका निम्ति अपील गर्दछ । यसका साथै श्री शर्माको गिरफ्तारीको विषयमा निराधार र कपोलकल्पित रुपमा केही संचार माध्यम र सामाजिक संजालमा समाचार तथा टिका टिप्पणी भैरहेका प्रति पनि गैरआवासीय नेपाली संघको गम्भीर ध्यानाकर्षण भएको छ । कसैले पनि व्यक्तिको स्वाभिमानमाथि चोट पुग्ने गरी संघ र संघका पदाधिकारीहरुलाई समेत जोडेर काल्पनिक, आधारहिन र भ्रामक समाचार संप्रेषण तथा टिका टिप्पणी नगरिदिनुहुन संघ हार्दिकतापूर्वक अनुरोध गर्दछ ।

भूषण घिमिरे
प्रवक्ता
गैरआवासीय नेपाली संघ
अन्तराष्ट्रिय समन्वय परिषद ।